नेपाल सरकार

भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, परासी

(बर्दघाट, नवलपरासी पश्चिम)

पत्र संख्याः २०८३/०८४ मितिः-२०८३/०७/२०

चलानी न. ३६६४

विषयः सूचना टाँस गरी जानकारी/मुचुल्का पठाइदिने सम्बन्धमा।

श्री नवलपरासी जिल्ला अदालत, नवलपरासी (ब.सु.प.) ।

श्री जिल्ला समन्वय समितिको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री जिल्ला प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री नापी कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका, १६ नं. वडा कार्यालय, नवलपरासी (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका, १५ नं. वडा कार्यालय, नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा बासुदेवको नाति, धनपती खरेलको छोरा जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. १६ बस्ने शालिक राम खरेलको नाउँको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । अतः उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँसको मुचुल्का/जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

तेजराज शर्मा

प्रमुख भूमि प्रशासन अधिकृत

बर्दघाट नगर कार्यपालिकाको कार्यालय
बर्दघाट-८, नवलपरासी (ब.सु.प.)
दर्ता नं.: २२०६
मिति : २०८३/८/२६

नेपाल सरकार

भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, परासी

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

पत्र संख्याः २०८३/०८४ मितिः-२०८३/०७/२०

चलानी न.

श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

धनपती खरेलको नातिनी, शालिकराम खरेलको छोरी तथा चेतनारायण देवकोटाको बुहरी, शंकर प्रसाद देवकोटाको श्रीमती जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. १६ बस्ने विष्णु देवकोटाले बासुदेवको नाति धनपती खरेलको छोरा जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. १६ बस्ने मेरो सहोदर बुबा शालिक राम खरेलको मिति २०८३/०६/०४ गते आफ्नै कालगतीले मृत्यु भएको हो । निजको मृत्यु पश्चात् निजको नाउँमा दर्ता कायम रहेको जिल्ला नवलपरासी साविक दाउन्नेदेवी गा.वि.स. वडा नं. ७/क कि.नं. ९३९ ज.वि. ०-०-१० जग्गाको नजिकको हकवालामा निजको एकमात्र श्रीमती तथा मेरो सहोदर आमा लक्ष्मी खरेल रहेकोमा मेरो जन्म पश्चात आजभन्दा करिब ३० वर्ष पहिले नै दोस्रो विवाह गरी अन्यत्र गएकोमा मृतक जग्गाधनी शालिक राम खरेल र मृतक लक्ष्मी खरेलबाट कुनैपनि छोराको जन्म नभई सन्तानको रुपमा एकमात्र छोरी विष्णु देवकोटाको मात्र जन्म भएकोले मृतक जग्गाधनी जिवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, औषधी उपचार गर्ने र मृत्यु पछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने समेत सम्पूर्ण काम म निजको एकमात्र छोरी निवेदक विष्णु देवकोटाले नै एकलौटी रुपमा गर्दै आएकोले माथि उल्लेखित कित्ता जग्गा मेरो एकलौटी नाउँमा नामसारी गराइ पाऊँ भनी यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) दिएको माग निवेदन सम्बन्धमा निवेदक विष्णु देवकोटा बाहेक मृतक जग्गाधनी शालिक राम खरेलको नजिकको नाता पर्ने कुनै छोरा, छोरी लगायत अन्य कोही नजिकका हकवालाहरु भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।